# आ.व. २०७६/०७७ सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन

१) कुनै पनि स्थानीय तह (गाउँपालिका, नगरपालिका (उप महा तथा महा समेत)) को कार्य क्षेत्रभित्र पर्ने सडकको मर्मत संभारको लागि सम्बन्धित नगरपालिकाले (उप महा तथा महा समेत) कुल अनुमानित लागतको कम्तीमा ३० % (तीस प्रतिशत) र गाउँपालिकाले २० % (बीस प्रतिशत) बराबरको रकम सम्पूरक कोषको (Matching Fund) रुपमा ब्यहोर्नु पर्नेछ ।

२) सडक मर्मत संभारको लागि सडक छनौट गर्दा सडक बोर्ड निर्देशिका, २०६१ को परिच्छेद (२) को बुँदा (४) बमोजिम खण्डास्मिथ सडकको हकमा औषत बार्षिक रुपमा प्रतिदिन कम्तीमा ४० वटा सवारी साधन चल्ने र कच्ची सडकको हकमा औषत बार्षिक रुपमा प्रतिदिन कम्तीमा १५ वटा सवारी साधन चल्ने सडकलाई मात्र छनौट गर्नुपर्नेछ ।

३) मर्मत संभार कार्यको लागि सडक छनौट गर्दा देहायका कुराहरूमा विचार गर्नुपर्नेछ ।

(क) कुनै सडकको मर्मत सो सडकलाई बर्षैभरि खुला र आवागमन गर्न सकिने अवस्था
(ख) सडकको दायाँबायाँ गरिने मर्मत संभार वा सुधारको काम संभावित पहिरो वा भूस्खलनलाई रोक्ने,
(ग) सडक प्रयोगकर्ताको सडक प्रयोग गर्दाको खर्चलाई कम गर्ने,
(घ) सडकको सुरक्षा गर्ने सम्बन्धी काम गर्दा धान्न सकिने र व्यवहारिक किसिमको जोखिम व्यवस्थापन सम्बन्धी उपाय अपनाउने,
(ङ) सडकलाई जुन स्तरको सडकको हो सो स्तरको सेवा प्रदायक क्षमतामा राख्ने ।

४) सडक मर्मतको प्राथमिकता

सडकको नियमित, पटके वा आवधिक मर्मतका लागि सडकको छनौट गर्दा देहायको आधारमा सबभन्दा बढी आवश्यक र उपयुक्त देखिएको सडकलाई पहिलो प्राथमिकता दिने गरी सडकको छनौट गर्नु पर्नेछ ।

(क) सडकको लम्बाई तथा सडक सञ्जालमा सो सडकको महत्व,
(ख) सडकबाट लाभांवित हुने जनसंख्या,
(ग) सडक मर्मत संभारबाट हुने आर्थिक लाभ,
(घ) सडकको सतह तथा पेटी लगायत अन्य कुराहरूको भौतिक अवस्था,
(ङ) सडक मर्मत संभार गर्न सक्ने संस्थागत व्यवस्था वा उपलब्ध जनशक्ति ।

५) सडकको स्तरोन्नती गनुपर्ने अवस्थामा नियमित, पटके, आवधिक वा विशेष मर्मतमा लाग्ने कूल रकमको बढीमा १५% (पन्ध्र प्रतिशत) मात्र रकम खर्च गर्न सकिनेछ ।

६) सडकको आकस्मिक मर्मतको लागि रकम विनियोजन गर्न सकिने छैन ।

७) सडक छनौट गर्दा सम्भव भए सम्म सम्बन्धित स्थानीय तह मातहत रहेका जिल्ला सडक (District Road Core Network) लाई प्राथमिकता दिनुपर्नेछ ।

८) स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग बाट जारी गरिएको Road Maintenance Group (RMG) Guidelines लाई समेत विचार गरी सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

मर्मत योग्य सडक लाई बर्षैभरी आवागमन गर्न सकिने अवस्थामा राख्ने उद्देश्यले सो सडकको मर्मत सम्भार गर्दा सडक बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०, सडक बोर्ड निर्देशिका २०६१, बोर्डको निर्णय तथा निर्देशनका साथै बोर्ड बाट गरिएका परिपत्रहरुको अधिनमा रही सम्बन्धित स्थानीय तहको स्वामीत्वमा रहेका सडकहरु मध्ये प्राथमिकताको आधारमा कालोपत्रे, ग्रामीण सडक, कच्ची ग्रामीण सडकहरुको नियमित, पटके, आवधिक, विशेष मर्मत सम्वन्धी वार्षिक कार्यकमहरु सम्बन्धित स्थानीय तह बाट स्वीकृत गर्ने र सहमतीका लागि सडक बोर्ड नेपालमा पठाउनु पर्नेछ ।

**सडक मर्मत संभार कार्यको छनौटको प्राथमिकता :**

| सडक मर्मत संभारको कार्य / सडकको किसिम | नियमितमर्मत संभार | पटके मर्मत संभार | आवधिक मर्मत संभार | विशेष मर्मत संभार | स्तरोन्नती |
|---|---|---|---|---|---|
| **कालोपत्रे सडक** | १.० | २.० | ३.० | ४.० | ५.० |
| **ग्रामीण सडक** (खण्डास्मिथ, ढुङ्गा छापेको, ईटा छापेको, PCC, RCC गरेको सडक) | ६.० | ७.० | ८.० | ९.० | १०.० |
| **कच्ची ग्रामीण सडक** | ११.० | १२.० | १३.० | १४.० | १५.० |

सडकको योजनावद्ध मर्मत संभार कार्यमा आर्थिक श्रोतको अधिकतम सदुपयोग गर्नुपर्नेछ । तोकिएको प्राथमिकताको आधारमा कार्यक्रमको छनौट गर्ने दायित्व तहाँको रहनेछ । स्थानीय सडकको स्तरोन्नती गनुपर्ने अवस्थामा नियमित, पटके, आवधिक वा विशेष मर्मतमा लाग्ने कूल रकमको बढीमा १५% (पन्ध्र प्रतिशत) मात्र रकम खर्च गर्न सकिनेछ । साथै सडक बोर्ड नेपाल तथा सम्बन्धित निकायबाट अनुगमन तथा मूल्याङ्कनको क्रममा प्राथमिकताको क्रम बाहेक अन्य कार्यमा खर्च गरेको पाइएमा आगामी आर्थिक बर्षको कार्यक्रममा सडक बोर्ड नेपालले बिनियोजित गर्ने रकम घटाउन/रोक्न सक्ने छ ।

स्थानीय सडक मर्मत कार्यको सम्वन्धमा विस्तृत रुपमा तल व्याख्या गरिएको छ ।

## १.० कालोपत्रे सडकको नियमित मर्मत संभारका कार्यहरु:

१.१) सडक सतह, सोल्जर, Road Furniture, फुटपाथ आदिको सफाई गर्ने ।

१.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको सफाई गर्ने ।

## २.० कालोपत्रे सडकको पटके मर्मत संभारका कार्यहरु:

२.१) पटहोल, सोल्जर, Road Furniture, फुटपाथ आदिको मर्मत संभार गर्ने ।

२.२) सडक किनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

२.३) सडकमा विद्यमान टेवा पर्खाल आदिको मर्मत संभार गर्ने ।

## ३.० कालोपत्रे सडकको आवधिक मर्मत संभारका कार्यहरु:

३.१) सडक सतहको Pre-treatment गरी Premix Carpeting,Re-sealingआदि कार्य गर्ने ।

३.२) सडक किनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

३.३) सडक संरचनाको सुरक्षाको लागि विद्यमान टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

## ४.० कालोपत्रे सडकको विशेष मर्मत संभारका कार्यहरु:

**सडक तथा सो मा अवस्थित पुराना संरचना विग्रिएको अवस्थामा:**

४.१) विस्तारित अवस्थाको Pothole को Patch Work गर्ने कार्य ।

४.२) सडकमा भएका संरचनाहरु नाली, कल्भर्ट, पुल, कजवे, आदि जस्ताको पून: निर्माण गर्ने ।

४.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाइएको टेवापर्खाल भत्किएमा पुन: निर्माण गर्ने ।

४.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilization सम्वन्धी कार्यको मर्मत गर्ने ।

४.६) Road Safety सम्बन्धी कार्यहरुको मर्मत गर्ने ।

५.५) सडक सतहको अत्यधिक भिरालो (High Grade) तथा साँघुरो घुमाउरो (Turning) स्थानहरुमा भएको PCC वा RCC को मर्मत गर्ने ।

५.६) सडकको साँघुरो स्थानहरुमा गरिएको Extra widening को मर्मत गर्ने ।

## ५.० कालोपत्रे सडकको स्तरोन्नती सम्बन्धी कार्यहरु:

५.१) कालोपत्रे सडकमा Asphalt Concreting गर्ने कार्य ।

५.२) पानीबाट सडकमा हुन सक्ने क्षति लाई सम्बोधन गर्न नाली, कल्भर्ट, पुल, कजवे, आदिको निर्माण गर्ने ।

५.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाउनु पर्ने टेवा पर्खाल आदिको निर्माण गर्ने ।

५.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilization सम्वन्धी काम गर्ने ।

५.५) सडक सतहको अत्यधिक भिरालो (High Grade) तथा साँघुरो घुमाउरो (Turning) स्थानहरुमा आवश्यक भएमा PCC वा RCC गर्ने ।

५.६) सडकको साँघुरो स्थानहरुमा चौडा गर्न आवश्यक भएमा Extra widening गर्ने ।

५.७) Road Safety सम्बन्धी कार्यहरु गर्ने ।

५.८) विद्यमान सडकको स्तरोन्नती गर्नको लागि गरिने निर्माण कार्यहरु ।

## ६.० ग्रामीण सडकको नियमित मर्मत संभारका कार्यहरु:

६.१) सडक तथा सडक किनारामा उम्रेको घाँस तथा रुखका हाँगाहरुको सफाई गर्ने ।

६.२) सडक किनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको सफाई गर्ने ।

६.३) सडकमा रहेको सामान्यखालको पहिरो हटाई सडक खुला गर्ने कार्य ।

## ७.० ग्रामीण सडकको पटके मर्मत संभारका कार्यहरु:

७.१) सडक सतहमा बनेका Pot hole, Reel तथा Rut आदिको मर्मत सम्भार गर्ने ।

७.२) सडक सतहको केही स्थानमा Spot Gravelling गर्ने ।

७.३) सडक किनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत सम्भार गर्ने ।

७.४) सडकमा विद्यमान टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

**८.० ग्रामीण सडकको आवधिक मर्मत संभारका कार्यहरु:**

८.१) सडक सतहमा Gradingतथा Blendingगरे पश्चात् Re-gravellingगर्ने ।

८.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

८.३) सडक संरचनाको सुरक्षाको लागि बनाइएका टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

**९.० ग्रामीण सडकको विशेष मर्मत संभारका कार्यहरु:**

**सडक तथा सो मा अवस्थित पूराना संरचना विग्रिएको अवस्थामा:**

९.१) सडकमा भएका संरचनाहरु नाली, कल्भर्ट, पुल, कजवे, आदि जस्ताको पून: निर्माण गर्ने ।

९.२) सडक संरचनाको सुरक्षाको निम्ति बनाइएको टेवापर्खाल भत्किएमा पुन: निर्माण गर्ने ।

९.३) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilization सम्वन्धी कार्यको मर्मत गर्ने ।

९.४) Road Safety सम्बन्धी कार्यहरुको मर्मत गर्ने ।

९.५) सडक सतहको अत्यधिक भिरालो (High Grade) तथा साँघुरो घुमाउरो (Turning) स्थानहरुमा भएको PCC वा RCC को मर्मत गर्ने ।

९.६) सडकको साँघुरो स्थानहरुमा गरिएको Extra widening को मर्मत गर्ने ।

**१०.० ग्रामीण सडकको स्तरोन्नती सम्बन्धी कार्यहरु:**

१०.१) ग्रामीण सडकको स्तरोन्नती गरी कालोपत्रे गर्ने ।

१०.२) पानीबाट सडकमा हुन सक्ने क्षति लाई सम्बोधन गर्न नाली, कल्भर्ट, पुल, कजवे, आदिको निर्माण गर्ने ।

१०.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाउनु पर्ने टेवा पर्खाल आदिको निर्माण गर्ने ।

१०.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilization सम्वन्धी काम गर्ने ।

१०.५) सडक सतहको अत्यधिक भिरालो (High Grade) तथा साँघुरो घुमाउरो (Turning) स्थानहरुमा आवश्यक भएमा PCC वा RCC गर्ने ।

१०.६) सडकको साँघुरो स्थानहरुमा चौडा गर्न आवश्यक भएमा Extra widening गर्ने ।

१०.७) Road Safety सम्बन्धी कार्यहरु गर्ने ।

१०.८) विद्यमान सडकको स्तरोन्नती गर्नको लागि गरिने निर्माण कार्यहरु ।

**११.० कच्ची ग्रामीण सडकको नियमित मर्मत संभारका कार्यहरु:**

११.१) सडक तथा सडक किनारामा उम्रेको बोट बिरुवा काट्ने तथा हटाउने ।

११.२) सडकमा अवस्थित नाली, कल्भर्ट, पुल, कजवे, आदिको सफाई गर्ने।

११.३) सडकमा रहेको सामान्यखालको पहिरो हटाई सडक खुला गर्ने कार्य ।

## १२.० कच्ची ग्रामीण सडकको पटके मर्मत संभारका कार्यहरु:

१२.१) सडक सतहमा बनेका Reel तथा Rut आदिको मर्मत गर्ने ।

१२.२) सडक सतह भासिएको अवस्थामा केही स्थानमा बाहिरबाट माटो ल्याइपुर्ने कार्य गर्ने ।

१२.३) सडकमा अवस्थित नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

१२.४) सडकमा विद्यमान टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

## १३.० कच्ची ग्रामीण सडकको आवधिक मर्मत संभारका कार्यहरु:

१३.१) सडक सतहमा Gradingतथा Blendingगरी माटो पुरी मर्मत संभार गर्ने।

१३.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

१३.३) सडक संरचनाको सुरक्षाको लागि बनाइएका टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

## १४.० कच्ची ग्रामीण सडकको विशेष मर्मत संभारका कार्यहरु:

**सडक तथा सो मा अवस्थित पूराना संरचना बिग्रिएको अवस्थामा:**

१४.१) High Grade तथा Turning हरुमा सडकको सतहमा भएको ढुङ्गा सोलिङ्/ PCC वा RCC को मर्मत गर्ने ।

१४.२) सडकमा भएका संरचनाहरु नाली, कल्भर्ट, पुल, कजवे, आदि जस्ताको पून: निर्माण गर्ने ।

१४.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाइएको टेवापर्खाल भत्किएमा पुन: निर्माण गर्ने ।

१४.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilization सम्वन्धी कार्यको मर्मत गर्ने ।

१४.५) Road Safety सम्बन्धी कार्यहरुको मर्मत गर्ने ।

१४.६) सडकको साँघुरो स्थानहरुमा गरिएको Extra widening को मर्मत गर्ने ।

## १५.० कच्ची ग्रामीण सडकको स्तरोन्नती सम्बन्धी कार्यहरु:

१५.१) कच्ची ग्रामीण सडक लाई ग्राभेल सडकमा स्तरोन्नती गर्ने ।

१५.२) पानीबाट सडकमा भएको क्षति लाई सम्बोधन गर्न नाली, कल्भर्ट, पुल, कजवे, आदिको निर्माण गर्ने ।

१५.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाउनु पर्ने टेवा पर्खाल आदिको निर्माण गर्ने ।

१५.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilization सम्वन्धी काम गर्ने ।

१५.५) सडक सतहको अत्यधिक भिरालो (High Grade) तथा साँघुरो घुमाउरो (Turning) स्थानहरुमा आवश्यक भएमा PCC वा RCC गर्ने ।

१५.६) सडकको साँघुरो स्थानहरुमा चौडा गर्न आवश्यक भएमा Extra widening गर्ने ।

१५.७) Road Safety सम्बन्धी कार्यहरु गर्ने ।

१५.८) विद्यमान सडकको स्तरोन्नती गर्नको लागि गरिने निर्माण कार्यहरु ।

***नोटः-सम्बन्धित स्थानीय तह मातहतका सडक खण्डहरु मध्ये कालोपत्रे सडक लाई पहिलो प्राथमिकतामा राखी मर्मत संभार कार्यक्रम कार्यान्वयन गनुपर्नेछ । उक्त किसिमको सडक नभएको हकमा क्रमश: खण्डास्मिथ र माटे सडक लाई प्राथमिकता दिनुपर्नेछ ।***

९) अर्को व्यवस्था नभए सम्मको लागि बार्षिक कार्यक्रम तहाँबाट नै स्वीकृत गरी निम्न कागजातहरु संलग्न राखी सहमतिको लागि बोर्डमा पठाउनु पर्नेछ । सम्बन्धित स्थानीय तहले सडक मर्मत कार्यक्रम कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा यस बोर्डको सहमति लिनुपर्नेछ ।

- सहमतिको लागि अनुरोध गरिएको पत्र
- प्रतिबद्धता पत्र
- समझदारी पत्र
- बार्षिक कार्यक्रम
- लागत अनुमान ( Abstract of Cost, Detail Estimate, Rate Analysis)

***नोटः सडक मर्मत संभार कार्यक्रमको सहमति सम्बन्धी मौजुदा ब्यबस्थामा हेरफेर भई कुनै निर्णय भएमा सोही निर्णय अनुसार सहमति प्रदान गरिने छ ।***

१०) रकम निकासा माग गर्दा आबश्यक पर्ने विवरणहरु :-

क) बार्षिक कार्यक्रम स्वीकृत तथा समझदारी भएपछि - कुल बार्षिक कार्यक्रमको ३०% रकम सम्म,
ख) स्वीकृत कार्यक्रम कम्तीमा ३०% भौतिक वा आर्थिक प्रगति भएपछि - सम्झौता वमोमिको बढीमा ८०% रकम सम्म,
ग) स्वीकृत कार्यक्रम कम्तीमा ७०% भौतिक वा आर्थिक प्रगति भएपछि - सम्झौता वमोजिमको बाँकी रकम ।

दोश्रो किस्ता माग गर्दा :-

- सडक मर्मत कार्यको संक्षिप्त विवरण
- ठेक्का/उपभोक्ता सँगको सम्झौता
- स्वीकृत कार्यक्रम वमोजिम प्रगति प्रतिवेदन

तेश्रो किस्ता माग गर्दा :-

- सडक मर्मत कार्यको संक्षिप्त विवरण (यदि दोश्रो लिएको भए नचाहिने तर थप भएमा मात्र चाहिने)
- ठेक्का/उपभोक्ता सँगको सम्झौता विवरण (यदि दोश्रो लिएको भए नचाहिने तर थप भएमा मात्र चाहिने) )
- स्वीकृत कार्यक्रम वमोजिम प्रगति प्रतिवेदन

फरफारक गर्दा :-

- स्वीकृत कार्यक्रम वमोजिम आ.व.को अन्त्यसम्मको प्रगति प्रतिवेदन

- कार्य सम्पन्न प्रतिवेदन वा आ.व.को अन्त्यसम्मको ठेक्का/उपभोक्ता सम्बन्धि विल
- भ्याट खुलेको विवरण
- कन्टिन्जेन्सी विवरण

नोटः क) निकासा रकम मध्ये असार मसान्त भित्र खर्च हुन नसकेको बाँकी रकम अर्को आ.व.को श्रावण मसान्त भित्र सडक बोर्डमा फिर्ता गर्ने ।
ख) कार्य सम्पन्न प्रतिवेदन अर्को आ.व.को भाद्र मसान्त भित्र पेश गरी खर्च फरफारक गर्ने ।

***नोटः रकम निकासा सम्बन्धी मौजुदा ब्यवस्थामा हेरफेर भई कुनै निर्णय भएमा सोही निर्णय अनुसार निकासा प्रकिया हुनेछ ।***

कार्यकारी निर्देशक